# कर्णाली प्रदेशको खस मल्ल राज्यको ऐतिहासिक विवेचना

**अच्युत अधिकारी**

सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

पूर्वमध्यकालको नेपालको इतिहासमा पश्चिम नेपालको कर्णाली प्रदेशमा एउटा राज्य जन्मियो, हुर्कियो र समाप्त भयो। यतिखेर नेपालमा धेरै राज्यहरू अस्तित्वमा आईसकेका थिएनन्। त्यति टाढा जन्मिएको यो राज्यले नेपाल खाल्डोको विशाल र बलियो राज्यलाई आफू अन्तर्गत्को करहद राज्य समेत बनाउन सक्यो जुन ऐतिहासिक दृष्टिकोणले ज्यादै महत्वपूर्ण घटना हो। त्यति विकट स्थानमा रहेको एउटा सानो राज्यले नेपाल खाल्डोको जगलाई मज्जासँग हल्लाउने काम मात्रै गरेन खारी प्रदेश अथवा खसान क्षेत्रको गौरवलाई समेत पुनरभाषित र पुनर्जिवित गर्न सक्यो। पश्चिमी खस मल्ल राज्यको सबैभन्दा ठूलो र प्रमुख योगदान भाषा सम्बन्धी थियो। खस कुरा वा सिंजाली भाषालाई राजकाजको भाषा बनाएर राष्ट्र भाषा बनाउन सकेकोले गर्दा नै कालान्तरमा आएर यही भाषा नै परिमार्जित र विकासित हुँदै आज हाम्रो हातमा आउन सकेको छ। खस मल्ल राज्यको विघटन भएपछि नै बाइसी र चौबिसी राज्यहरू नेपालको सरहदमा देखा पर्न गए ? यिनै वाइसी र चौविसी राज्यमा रहेको यही भाषा पछि नेपालको एकीकरण भएपछि नेपालकै राष्ट्र भाषा वा राष्ट्रिय भाषा बन्न पुग्यो। बौद्ध धर्मको प्रवर्द्धन र संरक्षण गर्ने कुरामा समेत खस राजाहरूले आफ्नो तर्फबाट सक्दो प्रयासहरू गरेको पाइन्छ। नेपालको इतिहासमा महत्वपूर्ण विषय बनेर रहेको खस मल्ल राज्यको बारेमा पाइएका केही तथ्यगत विषयवस्तुलाई नै यस लेखमा समेटिएको छ।

मुख्य शब्दहरू : नेपाल खाल्डो, खारी प्रदेश, खस कुरा, सेञ्जा, आर्यतारा, लघुरत्नत्रय, मैत्रेय, नामेट।

## विषय परिचयः

खस साम्राज्यको बारेमा बताउनु पर्दा वर्तमान तिब्वतको कैलाश क्षेत्र नजिकको गुगे र ताक्लासार नजिकै खारी प्रदेश रहेको कुरा पुरानो नक्साहरूमा देखिन आउँछ। खस क्षेत्रको वारेमा धेरैजसो विवरणहरू इतिहासकार योगी नरहरीनाथले नै खोज्नु र लेख्नु भएको देखिन्छ। उत्तरमा तिब्वत, दक्षिणमा तराईको समथर भू-भाग, पूर्वमा नुवाकोट र पश्चिममा केदारनाथ सम्मको भू-भागमा विस्तारित विशाल राज्य नै कुनैबेला खस मल्ल राज्यको रूपमा रहेको इतिहासमा देखिएको छ। वर्तमान तिब्वत, राज्यको केही भूखण्डहरू समेत यो राज्य अन्तर्गत पर्दथे। पश्चिममा गढवाल देखि (कुमाउ) पूर्वमा नुवाकोट सम्म फैलिएको खस मल्ल राज्यको मुख्य राजधानी शहर नै सिन्जा थियो। तिब्वतको खारी प्रदेशलाई नै इतिहासकारहरूले खस राज्यको उद्भव मानेको देखिन्छ। नागराजद्वारा स्थापना गरिएको यो खस अधिराज्यलाई मध्यकालमा 'खसान' भनिन्थ्यो। तिब्वती वंशावली गोपालराज वंशावली, दुल्लु वंशावली, आदिबाट खस मल्ल राज्यको औचित्यताहरू प्रमाणित हुन आएका छन्। त्रिशुली नदीदेखि पश्चिम गढवालसम्मको र दक्षिणको समथर तराई देखि, उत्तरको मासरोवरसम्मको खस मल्ल राज्यको वारेमा अर्थात् कर्णाली प्रदेशमा पश्चिमी क्षेत्रमा रहेको एउटा ऐतिहासिक राज्य खसराज्यको वारेमा यो लेखमा सङ्क्षेपमा व्याख्या गरिएको छ।

## अध्ययनको समस्या

खस मल्ल राज्यको वारेमा विभिन्न घटनावस्तुहरूको वर्णन जुन इतिहासकारहरूले गरेको भेटिएका छन् । हेर्दा धेरै नै तथ्यगत आधारहरू निर्माण हुन चाहि पुगेकै देखिएको छ तर यी आधारहरूले मात्रै ढुक्क हुने प्रसस्त ठाउँहरू चाहिँ देखिन्न । स्रोतगत तथ्यहरूमा रहेका अनावश्यक बढाईचढाई र घटनावस्तुहरूको अधिक व्याख्या चाहि शंकास्पद पनि देखिन्छन् । जतिपनि ऐतिहासिक प्रमाणहरू त्यस क्षेत्रमा रहेका छन्, राज्यको अदूरदर्शिता र विना संरक्षण समेत नष्ट हुन पुगेका छन् र भइरहेकाहरूको पनि अध्ययन गर्न सक्ने हालतमा रहेको पाइँदैनन् । अझ भौगोलिक विकटताले नै कर्णाली जानु भनेको फलामको च्युरा चपाउनु बरावर नै थियो कुनै समयमा त । त्यो राज्यको वर्तमान स्थितिलाई हेर्दा खस मल्ल राज्यको इतिहास बेजोडको देखिन्छ । प्राप्त हुन आएका प्रमाणिक तथ्यहरूलाई हेर्दा खस मल्ल राज्यको निर्माण र अन्त्यको प्रसङ्गमा केहि समस्याहरू रहेको देखिएकोले त्यसलाई केलाउन थप अनुसन्धानको आवश्यकता पर्ने कुरा लेखकले अनुभव गरेको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्यहरू यस प्रकार छन् :-

१) खस मल्ल राज्यको वारेमा विश्लेषण गर्ने र

२) खस मल्ल राज्यले पारेको प्रभावको विषयमा व्याख्या गर्ने ।

## अध्ययनको विधि

पुस्तकालयीय द्वितीयक साहित्यिक स्रोतहरूमा भर परेर नै यो लेख तयार पारिएको छ । एपिए प्रणालीको आधारमा गुणात्मक विधिको अवलम्बन गर्दै व्याख्यात्मक प्रकृतिको लेख तयार गरिएको छ। तिब्वतबाट प्राप्त वंशावीलले समेत यही कुरालाई समर्थन गरेको छ। (वज्राचार्य, २०२८ः १४)

## कर्णाली प्रदेशमा खस मल्ल राज्यका स्थापना

खस राज्य नेपालको विशाल भू-भागमा फैलिएको थियो। नेपाल खाल्डोमा केन्द्रीय शासन ज्यादै कमजोर बनेको कारणले गर्दा नै कर्णाली प्रदेशमा खस मल्ल राज्य स्थापित हुन पुग्यो । दुल्लुबाट प्राप्त अभिलेखको विवरण अनुसार यो खस मल्ल राज्यको स्थापना खारी प्रदेशमा वस्ने नागराजबाट भएको थियो । तिव्वतबाट प्राप्त वंशावलीले समेत यहि कुरालाइ समर्थन गर्दछ । - वज्रचार्य,२०२८ः१४) ।

दुल्लु अभिलेखमा प्रष्टासित लेखिएको छ "अनि खारी प्रदेशमा बस्ने जुन श्री नागराज जावेश्वर हुनु भयो उहाँले सेञ्जा नगरमा स्थिति बसाल्नु भयो" (अथः खरिप्रदेश्यस्यो यो जावेश्वरतामगान्तेन श्री नागराजेन सेजापुर्या स्थिति कृता) (योगी , २०१३ः५९) । यस वाक्यबाट खसराज्यलाई बसाल्ने व्यक्ति नागराज नै थिए भनि भन्न सकिएको छ ।

खस राज्य कहिले ? खडा भयो त वा भएको थियो ? त भन्ने सवालमा निक्यौंल प्रष्टसँग हुन नसके तापनि खस

राज्य कर्णालीको खस क्षेत्रमा थियो भने कुरा चाहीँ प्रष्ट हुन गएको छ। खस राज्यको स्थापना सन् ११२७ वा बाह्रौं शताब्दीको प्रथम चरणतिर हुन गएको अनुभव इतिहासविद्हरूले गरेको पाइएको छ। गोपालराजवंशावली अनुसार नागराज वंशका जीतारी मल्ललाई खस राजा रिपु मल्ल एवं आदित्य मल्लाई स्पष्ट रूपमा खसीया राजा भनेर किटान गरिएको पाइन्छ। (वज्राचार्य र मल्ल, १९८५ः२६-४८)।

दुल्लुस्थित कीर्तिस्तम्भ अभिलेख र अन्य प्रमाणअनुसार नागराजले स्थापना गरेको राजवंश र उत्तराधिकारक्रम र ज्ञात समय (वि.सं.) मा निम्नानुसार छ ः-

| **क्र.सं.** | **सम्बन्ध** | **राजाका नाम ज्ञातसमय** | **(वि.सं.मा)** |
|---|---|---|---|
| १. | प्रथम राजा | नागराज विक्रमको वाह्रौ शताव्दीको मध्यतिर | |
| २. | नागराजका छोरा | चापराज | - |
| ३. | चापराजका छोरा | चापिल्ल | - |
| ४. | चापिल्लका छोरा | क्राशिचल्ल | - |
| ५. | क्राशिचल्लका छोरा | क्राधिचल्ल | - |
| ६. | क्राधिचल्लका छोरा | क्राचल्लदेव | १२६४-८० |
| ७. | क्राचल्लदेवका छोरा | अशोकचल्ल | १३१२-३५ |
| ८. | अशोकचल्लका छोरा | जितारिमल्ल | १३४४-५६ |
| ९. | जितारिमल्लका छोरा | अक्षयमल्ल | १३३७ |
| १०. | जितारिका भाई, आनन्दका छोरा | रिपुमल्ल | १३६९-७० |
| ११. | जितारिका अर्का छोरा | आदित्यमल्ल | १४७३-८५ |
| १२. | आदित्यमल्लका छोरी ज्वाईँ | पुण्यमल्ल | १३८५-९४ |
| १३. | पुण्यमल्लका छोरा | पृथ्वीमल्ल | १३९५-१४१५ |
| १४. | सम्बन्ध अज्ञात | सूर्यमल्ल | १४२४ |
| १५. | सम्बन्ध अज्ञात | अभयमल्ल | १४३३-४८ |

राजा नागराजले विक्रमको वाह्रौ शताब्दीको मध्यतिर जुम्लाको सिञ्जा उपत्यकालाई राजधानी बनाई पश्चिम नेपालमा खस अधिराज्यको स्थापना गरेका थिए। नागराज पछि क्रमैसँग घटेका घटना वारे जानकारी दिने कुनै प्रमण अहिले सम्म पाइएको छैन (अधिकारी २०५६ः२१-२३)।

नागराजद्वारा स्थापना गरिएको यो खस अधिराज्यलाई अध्यकालमा 'खसान' भनिन्थ्यो। बौद्धगयाबाट प्राप्त एक अभिलेखले अशोक चल्ललाई "खसदेशको राजाधिराज" भनेर भनेको पाइएको छ। (संस्कृत्यायन, १९५३ः-११४-११६)।

'खारी' प्रदेश अन्तर्गत दक्षिण पश्चिम तिब्वतको गुँगे, पुरङ गाँग्री जस्ता तीनवटा ठूला जिल्लाहरू पर्दथे तसर्थ खस मल्ल राज्यले नेपालको प्रशस्त भू-भागहरूलाई प्रतिनिधित्व गरेको थियो । माथिको तालिकामा प्रस्तुत गरेका नामहरू क्रमशः नागराज, चापराज, चापिल्ल, काशिचल्ल, क्राधिचल्ल, क्राचल्ल, अशोकचल्ल, जितारिमल्ल, अक्षयमल्ल, रिपुमल्ल, आदित्यमल्ल, पुण्यमल्ल, पृथ्वी मल्ल, सूर्य मल्ल र अभय मल्ल खस मल्ल राज्यको राजाधिराज भएको कुरा थाहा हुन आएको छ ।

'राज' नामधारीहरू क्रमश 'चल्ल' हुँदै 'मल्ल' भएको यताबाट थाहा हुन आउँछ। यिनीहरू खस जातिका थिए। तिब्बती वंशावलिहरूमा नागराजलाई 'गुगे राज्यका राजा' भनेर लेखिएको कुरा इतिहासकारहरूले बताएका छन्। 'सेञ्जा नगरमा स्थिति बसाल्नु भयो' (सेञ्जा पुयाँ स्थिति ( : ) कृता) भनेर दुल्लुको स्तम्भमा लेखेको चर्चा इतिहासकारहरूले गरेको पाइन्छ । नागराजलाई मध्यकालको खसमल्ल राज्यका संस्थापक मानिन्छ । दुल्लुको स्तम्भलेखमा कर्णाली प्रदेशको पाल तथा खसराजाहरूको नाम दिइएको छ । यसबाट खसहरू भन्दा अघिपालहरूले त्यहाँ शासन गरेको कुरा थाहा पाइन्छ । दुल्लुको स्तम्भलेखमा राजा नागराजलाई 'जावेश्वर' अर्थात् 'जुम्लाका राजा' भनिएको छ । यिनी प्रतापी र सुधारक थिए साथै आफ्नो बाहुवलले कुमाऊ गढवाललाई पनि सेञ्जा राज्यमा मिलाएका थिए (उपाध्याय, २०७४ :१२९) ।

कुमाऊँको बालेश्वर मन्दिरमा राजा क्राचल्लदेवको संस्कृत भाषामा लेखिएको एउटा ताम्रपत्र पाइएको छ, त्यसअनुसार क्राचल्लले वि.सं. १२८० मा कुमाऊमाथि विजय प्राप्त गरेका थिए । त्यस बखत उनको राजधानी दुल्लु नजिकै श्री सम्पन्न नगरमा थियो । उनले उक्त विजय आफू राजा भएको सोह्रौ वर्षमा गरेका थिए । तद्अनुसार उनको राज्यारोहण वि.सं. १२६४ मा भएको थियो । त्यही मितिदेखि खस अधिराज्यको प्रामाणिक र क्रमबद्ध इतिहास लेखन प्रारम्भ गर्न सकिएको छ, यसर्थ उक्त ताम्रपत्र ज्यादै महत्वपूर्ण ऐतिहासिक अभिलेख मानिएको छ (अधिकारी, २०६८ : १०) ।

क्राचल्लको ताम्रपत्र अनुसार उनले त्यस क्षेत्रमा सैनिक अभियान संचालन गरेको ठहर्छ । क्राचल्लका पालामा कुमाऊ विजय भएकाले उनका छोरा अशोकचल्ललाई त्यस भन्दा पश्चिमपट्टि रहेको गढवाल क्षेत्र विजय गर्न सजिलो भयो । यसपछि अशोक चल्लको अधीनमा कुमाऊ गढवालका राजाहरू रहेको कुरा गढवालको गोपेश्वरको त्रिशुल लेखमा लेखिएको श्लोक "श्रीमान अशोकचल्ल राजाले आफ्नो राज्यको विशाल मन्दिरमा त्रिशुल स्थापना गरि मन्दिर खडा गर्नुभयो ।" भनिएबाट मान्न सकिएको छ (इन्द्रजी, १८८१ : ३४५-४६) ।

राजा अशोकचल्लका अभिलेखहरू दुल्लु देखि लिएर गढवाल र वोधगया सम्मको बृहत्तर क्षेत्रबाट प्राप्त भएका छन् । अशोक चल्लको पालामा खस अधिराज्यमा कर्णाली प्रदेश गण्डकी प्रदेश, खारी प्रदेश, (कैलाश-मानसरोबर क्षेत्र) कुमाऊ र गढवाल (केदारनाथ ) क्षेत्रहरू समाविष्ट भएको देखिन्छ (अधिकारी, २०५३ : १२-१४) ।

सिञ्जाली राजाहरूमा असाध्यै प्रतापी राजा यिनी थिए । वर्तमान नेपाली भाषाका पूर्वरूप खस भाषाको सिञ्जाली शाखाका लिखित अभिलेखहरू अशोकचल्ल कै पाला देखि प्राप्त भएको पाइएको छ । दुल्लु पादुकास्थानमा प्राप्त एउटा सर्वप्रचिन शिलालेख अर्थात् नेपाली भाषाको सर्वप्राचीन अभिलेखमा ॐ नमो बुद्ध्ये स्री अशोकचल्लदेवस्चिरं जयतु : साउना कार्कि साउका कर्क्यानिको देवल' भनि लेखिएको पाइएको छ (अधिकारी २०५६ : ३४-३८) ।

दुल्लु कीर्ति स्तम्भमा क्राचल्लका छोरा अशोकचल्ल राजा हुनुभयो भने वाक्यांश परेको छ। गयाबाट प्राप्त पुरुषोतम सिंहको अभिलेखमा यी राजालाई “सपादलक्ष्य” अर्थात् ‘पहाडी प्रदेशका राजाहरूको मुकुटमणि’ भनेर सम्बोधन गरिएको छ (इन्द्रजी, १८८१ः ३४२)।

अशोकचल्ल पछि उनका जेठा छोरा जितारी मल्ल राजा भए यिनै राजाले आफ्नो ‘चल्ल’ पद छाडेर ‘मल्ल’ पद धारण गरेका थिए। दुल्लु स्तम्भ अभिलेख र भोटको वंशावलीमा समेत यो पद परिवर्तन भएको पाइन्छ। यसपछिका खस राजाहरूले मल्ल पद नै लिएको देखिन्छ। गोपालराज वंशावलीमा जितारी मल्लको नाम जयतारी परेको छ। यिनी महत्वाकांक्षी राजा थिए। पूर्वजहरूले पश्चिमी क्षेत्र विजय गरेकोले यिनी पूर्वीतिर लागेको देखिन्छ। गोपाल राजवंशावली अनुसार उपत्यकामा यिनले पहिलो चोटि ने.सं. ४०८ सन् १२८८) मा आक्रमण गरे। स्वयम्भूको डाँडातिर खस सैन्य र उपत्यकाको सैन्यको विचमा लडाईँ पऱ्यो। यस युद्धमा ८०० जति खस सैनिकहरू मारिए। यसपछि पनि जितारी मल्ल पछाडि नहटेकोले उपत्यकावासिहरूले सम्पूर्ण रसदपानी लुकाएर वनदुर्गमा गएर लुकी बसे। रसदपानीको अभावमा खस सैन्य त्यसै फर्कियो। यसको १ वर्ष नबित्दै फेरी उनले फाल्गुण महिनामा दोस्रो पटक उपत्यकामा आक्रमण गरे यो आक्रमण भयानक रह्यो। खस सैन्यले गाउँहरूमा आगो लगाई दियो र त्यसपछि स्वयम्भूनाथ, पशुपतिनाथ र रातो मछिन्द्रनाथको दर्शन र पूजा गरी जितारी मल्ल फर्किए (बज्राचार्य, २०१९ः १४)।

४६ संशोधित विषय संख्या, १७ क्रमागत संख्या, पृष्ठ १४८ को “इतिहास संशोधनको प्रमाण प्रमेय” मा लेखिएको प्रमाणको उल्थाको अर्थलाई हेरौं। “पश्चिमबाट खसिया आए। ने.सं. ४०८ (वि.सं. १३४४)। पौषमा राजा जयतारि (जितारिमल्ल) पहिलो पटक पसे। सिम्भुमा आठ सय खशियालाई सिध्याई सारा राष्ट्र वन पस्यो। त्यसकारण खसिया भागे। दुनियाँ आनन्दसँग आफ्नो आफ्नो ठाउँमा बसे। त्यसको एकवर्ष वित्यो। फाल्गुन शुक्ल त्रयोदशीमा फेरी दोस्रोपल्ट जयतारि (जितारिमल्ल) पसे। गाउँहरूमा आगो लगाइदिए। सिम्भुको चैत्यमा गए। वुङमतिको लोकेश्वरको (रातो मछिन्द्रनाथको) दर्शन गरे। पशुपतिलाई खुशी पारे। ने.सं.।” ने.सं. ४०९ (वि.सं. १२४५) मा आनन्दसँग आफ्नो देश फर्के। (बज्राचार्य, २०१९ : १४८)।

गोपालराजवंशावली अनुसार वि.सं. १३४४ वि.सं. १३९१ सम्म खसहरूले निम्नअनुसार धेरै पटक उपत्यकामा आक्रमण गरेको पाइयो जसलाई तल उल्लेख गरिएको छ :-

१. जितारिमल्लको प्रथम आक्रमण - ने.सं. ४०८ पौष (वि.सं. १३४४)

२. जितारिमल्लको दोस्रो आक्रमण - ने.सं. ४०९ फागुन (वि.सं. १३४५)

३. जितारिमल्लको तेस्रो आक्रमण - ने.सं. ४१० फागुन (वि.सं. १३४६)

४. रिपुमल्लको नेपाल आगमन - ने.सं. ४३३ फागुन (वि.सं. १३६९)

५. आदित्य मल्लको पहिलो आक्रमण - ने.सं. ४४१ पूर्णिमा (वि.सं. १३७७)

६. आदित्य मल्लको दोस्रो आक्रमण - ने.सं. ४४८ पूर्णिमा (वि.सं. १३८५)

७. पुण्यमल्लका पालाको आक्रमण - ने.सं. ४५४ भाद्र-फागुन (वि.सं. १३९१) (अधिकारी, २०६८:११) ।

जितारी मल्लको शासनकाल चानचुन ११।१२ वर्ष सम्मको देखिन्छ। यिनी पछि यिनका छोरा अक्षय मल्ल र आदित्य मल्ल राजा नभई उनका भतिजा रिपु मल्ल राजा भएका देखिन्छन् । यतिखेर सत्ताको लागि सत्ता संघर्ष भएको कुराको जानकारी यो घटनाबाट मिल्दछ। केवल २ वर्ष यिनी शासनमा देखिन्छन् र फेरी जितारी मल्ल कै छोरा आदित्य मल्लले सत्ता हडप्छन् । यिनले पनि नेपाल उपन्यकामा दुई पटक आक्रमण गरेको देखिन्छ। भोटका वंशावलीले 'रेउ रमल' (रिपु मल्ल) भनी लेखेको छ। गोपाल राजवंशावलीमा यिनलाई खसिया राजा भनिएको छ। सिंजाकै शेरा अभिलेखमा 'रिपु मल्लेन भू भुजा' अथवा 'पृथ्वीको पालन गर्ने रिपु मल्ल भनिएको छ। (योगी २०१३:८०) ।

रिपु मल्ल्को पालामा सारिएको 'अभिसमयलंकार' भन्ने ग्रन्थ तिब्बती मठबाट प्राप्त गरिएको थियो। ने.सं. ४३३ (सन् १३१३) मा रिपु मल्ल उपत्यका पसेको व्यहोरा गोपालराज वंशावलीमा परेको छ। वंशावलीको विवरण हेर्दा रिपु मल्ल तिर्थयात्रीका रूपमा उपत्यका आएको देखिन्छ। रिपु मल्लले उपत्यकामा बुङमतीको मछिन्द्रनाथलाई महास्नान गराएर कोष चढाएको, पशुपतिको पुजा गरेको तथा स्वयम्भूको पूजा गरेर भोज खुवाएका थिए। उपत्यकामा रिपुमल्ल १ दिन बसेर फर्किएका थिए। कपिलवस्तुको निग्लिहवा र लुम्विनी स्तम्भमा पनि रिपु मल्लको अभिलेख पाईएबाट उनी बौद्ध धर्मप्रति आस्था राख्ने राजा देखिन्छन् । (क्षेत्री र राममाभ्ग्री, २०६० : २२१) ।

आदित्य मल्ल जितारी मल्लका कान्छा छोरा थिए । आदित्य मल्ल र रिपुमल्लको विचमा सत्ता संघर्ष भएपछि केही समय आदित्य मल्ल भिक्षु बौद्ध मठ तिब्बतमा गई बसेर फेरि फर्किएर आएर सत्ता लिएको तथ्य अनुमान गरिएको छ । उपत्यकामा दुई पटक आक्रमण गरेर तीनै शहरमा यिनले आगो लगाएको चर्चा गरिएको पाईन्छ । ने.सं. ४४८ को आक्रमणमा यिनले नुवाकोट पनि कब्जा गरेका थिए ललितपुरको पुलवहिलमा बसेर यिनले २२ दिन सम्म ललितपुरलाई घेरा हाले तर किल्ला टुटेन। यिनले कम्तिमा १२ वर्षसम्म राज्य गरे। ललितपुरका जनताहरूबाट दण्ड असुल गरेर ठुलो परिमाणमा धन सम्पत्ति लुटेर खस सेना स्वदेश फर्कियो (बज्राचार्य र मल्ल १९८५ : १०२) ।

आदित्ल मल्ल पछि कल्याण मल्ल, कल्याण मल्ल पछि प्रताप मल्ल खस राज्यका राजा भए। यिनी नागराज वंशका अन्तिम राजा थिए। यिनका कुनै पनि सन्तान थिएनन्। यिनले भिक्षु जीवन विताउन थाले पछि पुन्य मल्ल खस राज्यको राजगद्दीमा बसे । यिनी आदित्य मल्लका ज्वाइँ थिए । जसको वंश मल्ल थिएन, यिनी 'पाल' वंशका थिए जसको विवाह आदित्य मल्लकी छोरी सकुनमालासँग भएको थियो । यिनले पनि पाल नलेखेर मल्ल नै लेखे (उपाध्याय, २०७४ : १३२) ।

पुण्य मल्ल 'गेला' वंशका सामन्त जसपालका छोरा देखिन्छन् । यसप्रकार घरज्वाइँ बसेको नाताले पुण्य मल्लले राजगद्दी पाएको चर्चा इतिहासकारहरूले गरेको देखिन्छ। यिनले पनि नेपाल उपत्यकामा आक्रमण गरेको देखिन्छ। ने.सं. ४५४ (वि.सं. १३९१) मा आएर यो फौज छ महिनासम्म उपत्यकामा बस्यो र नेपालको राजनीतिमा कर्णाटवंशी हरिसिंहदेवकी पत्नी देवलदेवीले पहिलो चोटी हात हाल्ने मौका प्राप्त गरिन्। त्यतिखेर पश्चिममा "घरहाल्ने" प्रथा थियो जस अनुसार यस प्रथामा आउने ज्वाइँले अर्थात् घरज्वाइँले समेत ससुराको थरमा गई गोत्र समेत परिवर्तन गर्नु पर्दथ्यो जसअनुसार पुण्य मल्ल पनि खस राज्यको राजगद्दीमा बसेर थर परिवर्तन गर्नु प्रचलन भएको तथ्य इतिहासकारहरूले अगाडि ल्याएको पाइएको छ (शर्मा, १९७२ : ३४) ।

पुण्य मल्लका दुईजना छोराहरू थिए श्री मल्ल र पृथ्वी मल्ल । श्री मल्ल राजा नै नभई स्वर्गीय भएकोले पृथ्वी मल्ल राजगद्दीमा बसेको अनुमान छ । यिनले २० वर्ष जति राज्य गरेको बताइएको छ । दुल्लुमा प्राप्त भएको सन् १३५७ (वि.सं. १४१४) को कीर्तिस्तम्भ यिनकै समयको हो । यस अभिलेखले खस राज्यमा शासन गर्ने सबै राजाहरूको वंशक्रमको बारेमा विवरण दिन्छ । कतिपयले जेठाको सट्टामा कान्छा नै गद्दीमा योग्य भएकाले बसेको चर्चा समेत गरेको पाइन्छ । खस शासनकालमा पृथ्वी मल्लको शासनकाललाई ज्यादै महत्वपूर्ण मानिन्छ । किनभने यिनले नै दुल्लुमा किर्ती स्तम्भ राखेका थिए । यो स्तम्भलाई खस राज्यको महत्वपूर्ण स्तम्भ मानिन्छ । यस बाहेक कर्णाली क्षेत्र यिनको समयमा तयार पारेर लेखिएका कैयन अभिलेखहरू प्राप्त हुन आएका छन् । यिनी एक कुशल योद्धा र असल प्रशासक थिए । दुल्लुलाई यिनले पवित्र स्थलको रूपमा सिङ्गारेका थिए । आफ्नो राज्यको गौरवलाई यिनले वृद्धि गरे । करद राज्यहरूले यिनलाई अक्षरसः पालन गर्दथे । यिनी धार्मिक प्रवृत्तिका समेत थिए । पृथ्वीमल्लको राज्यकाल (वि.सं. १३९५-१४१५) । खस राज्यको इतिहासमा उत्कर्ष र पतनको दोसाँधको रूपमा देखा पर्दछ (अधिकारी, २०६८ : १३) ।

पृथ्वी मल्लका पुत्र नभएको हुनाले यिनी पछि सूर्य मल्ल राजा भए । सूर्य मल्लले खण्डित हुन लागेको खश राज्यलाई बचाउने खुवै कोशिस गरे तर सकेनन् । यसपछि अभयमल्ल राजा बने । यसपछि खस राज्य अर्कै वंशको हातमा गयो (उपाध्याय, २०७४: १६३) । अभयमल्लका अहिलेसम्म जम्मा ६ वटा ताम्रपत्रहरू पाइएका छन् । जस मध्ये चारवटा ताम्रपत्रमा यिनको हैसियत युवराजको मात्र रहेको छ (सुवेदी २०३६ : ९१-९३) ।

अभयमल्लको पाला (वि.सं. १४३३-४८) मा एकातिर डोटी स्वतन्त्र नै भयो भने अर्कोतिर सिञ्जा राजधानीमा वर्मा परिवारको प्रभाव यसरी बढ्यो की वि.सं. १४५० मा मलय वर्माका छोरा मेदिनी वर्मा सिञ्जाकै महामण्डलेश्वर नियुक्त भए । (योगी, २०१३ : १०३ -१०५) ।

पृथ्वीमल्लले बुढेसकालमा राजकाजमा ध्यान नदिएर धर्मकर्ममा ध्यान दिएकै कारणले गर्दा सिञ्जाका भारदारहरू प्रशासनमा आ-आफ्नो अधिपत्य जमाउन सफल भए वा होडबाजी गर्न थाले । सत्ता संघर्षमा सबै भारदारहरूलाई निस्तेज पारी पृथ्वीमल्लको सबैभन्दा शक्तिसाली महाअमात्य यशो वर्मा बन्न पुगे । अभय मल्लको समयमा आएर त वर्मा परिवार ज्यादै शक्तिशाली बन्न पुग्यो । वर्माहरूको चुँगुलबाट राजघरानाले छुटकारा प्राप्त गर्न नै सकेन । यसपछि मलय वर्माले अभय मल्लको राज्यको अधिकांश जमिनहरू आफ्नो भू-भागमा पार्न सके । यशोवर्माले तयार पारेको विरासतलाई उपयोग गरेर मलय वर्माले महारजाधिराजको हैसियत बनाउन सके । यस कार्यमा महामण्डलेश्वर यशो वर्मा,महाअमात्य सुजान वर्मा,महाराजाधिराज मलय वर्मा,महामण्ढलेश्वर मेदिनी वर्मा, महाराजधिराज मण्डलीय रूपनारायण, संसारवर्मा आदिले वर्मा परिवारहरूको श्री वृद्धिमा योगदान पुऱ्याउन सफल भए (अधिकारी, २०६८ : १७) ।

खस अधिराज्यको विघटनपछि कर्णालीमा बाइसे र गण्डकी प्रदेशमा चौविसे राज्यहरू (स-साना) अस्तित्वमा आए । अन्तिम खस राजा अभयमल्लको राज्यको अधिकांश भागमा मलयवर्माले अधिकार गरे । उनले आफ्नो माहिला छोरा मेदिनी वर्मालाई वि.सं. १४५० तिर सिञ्जाको महामण्डलेश्वर बनाएर पठाए । मुगु र डोल्पामा बलिराजले आफ्नो अधिकार कायम गरे । वि.सं. १४५७ सम्ममा बलिराजले जुम्ला आफ्नो नियन्त्रणमा लिए । मलय वर्मा पछि राज्य विभाजन हुँदा जाजरकोट मेदिनी वर्माको हातमा पऱ्यो । यिनै मेदिनी वर्माले बालिराजालाई आफ्नी छोरी दिएर वि.सं. १४६१ मा बालिराजको सिञ्जामा राज्यभिषेक गराए । यसपछि उनको राज्यमा जुम्ला, मुगु, हुम्ला, डोल्पा र कालिकोट सम्भावित हुन पुगे ।

**पश्चिमी खस मल्लहरूको देन :-**

नेपालको इतिहासमा खस मल्ल राज्यको सबैभन्दा महत्वपूर्ण देन भनेको नेपाली भाषाको उत्पत्ति र प्रयोग नै हो । भाषा सम्बन्धी योगदान नै खस मल्ल राज्यले दिएको महत्वपूर्ण योगदान हो । यस भाषालाई 'खस कुरा' वा 'सिञ्जाली भाषा' भनिन्थ्यो । यतिखेर जुम्लाको राजधानी सिंजामा यस भाषालाई 'राष्ट्रिय भाषा' वा 'राष्ट्र भाषा' बनाइयो । यो भाषा निरन्तर कामकाज र राजकाजको भाषाको रूपमा अगाडि बढ्दै गयो । बाईसे र चौविसी राज्यहरूमा पनि यसै भाषाले निरन्तरता पाउँदै गयो । पछि नेपालको एकीकरण गर्ने समयमा पृथ्वी नारायण शाहको नेतृत्वमा धेरै राज्यहरू एकिकृत भए त्यसपछि यहि खस भाषा नै नेपाली भाषाको रूपमा सबैतिर प्रचलित हुन पुग्यो ।

खस राज्यकालमा त्यस क्षेत्रमा धार्मिक व्यवस्थाले पनि विकासित हुने अवसर प्राप्त गऱ्यो । दुल्लु क्षेत्र पहिले देखिनै महत्वपूर्ण तिर्थस्थल मानिन्थ्यो मान सरोवर लगायतका क्षेत्रहरू पनि मुख्य तिर्थस्थल थिए । खस राज्यका राजाहरूको मुख्य धर्म बौद्धधर्म थियो । त्यतिखेर बौद्धधर्मको महायान र वज्रयान दुवै सम्प्रदायलाई यिनीहरू मान्दथे । धार्मिक सहिष्णुता यिनीहरूको स्वभाव थियो । बुद्ध बाहेक हिन्दु धर्मलाई पनि यिनीहरू श्रद्धा गर्दथे । विजय अभियान सँगसँगै कैयन स्थानहरूमा बुद्ध मन्दिरहरूमा पूजापाठ गर्ने कार्यहरू यिनीहरूले निरन्तर रूपमा गरे । पांचायन देवताहरूको पूजा गर्ने पद्धति अनुसार यिनीहरूले पंचदेवल समेत बनाए । शैव, विष्णु, शाक्त, गणेश र शक्ति सँग समन्वय कायम गरेर धार्मिक सहिष्णुता अगाडि बढाएर वर्तमान समयमा समेत यो परम्परा कायमै रहेको पाईन्छ (अधिकारी, २०५३ : १९३) ।

जुम्ला, कालिकोट, दैलेख, अछाम आदि ठाउँहरूमा अनेकौ पंचदेवलहरू बनेको पाईन्छन् । खस मल्लहरूको पालाको अभिलेखहरू र ताम्रपत्रहरूमा विभिन्न हिन्दु चाँडपर्वहरूको नाम समेत उल्लेख गरिएको पाइन्छ । पश्चिम नेपालको सम्पूर्ण क्षेत्रमा हिन्दु संस्कृति, रितिरिवाज, परम्परा आदिको प्रचार प्रसार एवं सामाजिकिकरण समेत खस मल्ल राजाहरूकै समयमा भएको हो । पृथ्वी मल्ल एवं मलय वर्मा जस्ता खस मल्लहरूको ताम्रपत्रमा दशै, तिहार, न्वारन, ब्रतबन्ध, विवाह, मृत्यु, संस्कार लगायत कुशे औशी, हरिशंकर यात्रा, चैते दशैं, मेष, कर्कट र मकर संक्रान्ती आदि हिन्दु चाडपर्व र यात्राहरूको विवरण पाइन्छ । खस मल्ल राजाहरूमा पालामा मानसरोवर र खेचर नामक स्थलहरू प्रसिद्ध तिर्थस्थलहरू थिए । दुल्लु पनि पवित्र तिर्थ स्थल थियो (क्षेत्री र रायमाझी २०६० : २२३) ।

महाभारत, पुराण र हिन्दू धर्मशास्त्र र ग्रन्थहरू नै खस मल्ल राजाहरूले मार्गनिर्देशनको रूपमा बोकेका थिए । खासमा भन्नु पर्दा खस मल्ल राजाहरूले मुख्य धर्मको रूपमा बौद्धधर्मलाई नै अङ्गालेको पाइएको छ । बौद्ध धर्मको साथसाथै हिन्दू देवदेवीको पनि यिनीहरूले पूजा आजा गर्दथे । खस राजा क्राचल्लले कुमाऊ विजय गरेको उत्सवमा आफू बौद्ध भए पनि हिन्दू देवता एकरुद्र बालेश्वर शिवको पूजा गरेका थिए । त्यस्तै गरी अर्का राजा जितारी मल्लले नेपाल उपत्यकामा आक्रमण गरेर गाउँ गाउँमा आगो लगाइदिए पनि यहाँका हिन्दू देव पशुपति र बौद्ध स्तुप स्वयम्भुको एकसाथ पुजा गरेर धार्मिक सहिष्णुताको उत्कृष्ट प्रमाण प्रस्तुत गरे । यस समयमा कर्णाली प्रदेशको खस राज्यमा अनेक बौद्ध स्तुप, मठ तथा बिहारहरूको निर्माण समेत गरेको पाईन्छ । अछामका पञ्चदेवल र, सुर्खेतका काँक्रे विहार यसका उदाहरण हुन् (उपाध्याय २०७४:१३५) ।

खस मल्ल राज्यले बौद्ध धर्मप्रति श्रद्धाभाव देखायो । खास गरी खस मल्ल राज्यका राजाहरूले बौद्ध धर्ममै लगाव

र झुकाव राखेको कारणले गर्दा त्यस क्षेत्रमा बौद्ध धर्मले झाँगिने अवसर प्राप्त गऱ्यो । यस क्षेत्रबाट बोधिसत्व, पद्ममपाणि, आर्यतारा आदिका मूर्तिहरू प्राप्त भएका छन् । सुर्खेतमा रहेको काँक्रे विहारबाट उन्नत बौद्ध बास्तुकलाका नमूनाहरू प्राप्त भएका छन् । सुर्खेतबाटै बुद्ध, मैत्रिय, लोकेश्वर र ताराका सुन्दर मूर्तिकलाहरू प्राप्त हुन आएका छन् । बौद्ध धर्मको प्रमुख तिर्थस्थलको रूपमा त्यतिखेर काँक्रे विहार रहेको देखिन्छ । गोपालराज वंशावलीबाट पनि यस क्षेत्रका कैयन् राजाहरू बौद्ध धर्मका अनुयायी र रक्षक रहेको र कैयन क्षेत्रमा भ्रमण समेत गरेर पूजाआजा गरेको प्रसङ्गहरू लेखिएको पाईएको छ । रिपु मल्ल नामक राजाले त आफैँले 'लघुरत्नत्रय' नामक बौद्ध ग्रन्थ समेत लेखेको कुरा थाहा हुन आएको छ । बौद्ध धर्मको प्रभाव क्राचल्ल, अशोक चल्ल रिपु मल्ल, पुण्य मल्ल आदि सबैले बोकेका थिए, पुण्य मल्लले त सम्पूर्ण राजकीय वैभव छाडेर भिक्षु नै समेत बनेको प्रसङ्ग इतिहासमा भेटिन्छ । बौद्ध गयामा प्राप्त अभिलेखले पनि कतिपय खस राज्यका राजा, मन्त्रि र भारदारहरू समेत भिक्षु बनेको प्रसङ्ग उल्लेख गरेको छ । अशोक चल्लका कर्मचारी सदनपाल, पृथ्वी मल्लका महामात्य देव वर्मा आदिले बौद्ध धर्मलाई अगाडि बढाएका थिए र भिक्षु समेत बनेका थिए । कतिपय उपाधिहरू समेत खस मल्ल राजाहरूले लिएका थिए ।

खस मल्ल राज्यमा मूर्तिकलाको साथै बास्तुकलाको समेत विकास हुन गएको थियो । दुल्लुको अक्शोभ्यबुद्ध, सिञ्जाको अभलोकितेश्वर, सुर्खेत काँक्रे विहारको तारा समेतको बुद्धमूर्तिहरू यसका नमूना हुन् । सिञ्जाको दरवार चार तलाको थियो जसलाई ज्यादै राम्रोसँग सजाइएको वर्णन पाइएको छ । चारतले वार्दलीहरूका सम्पूर्ण फराकिलो तहहरू फूलहरू तथा सुगन्धले भरिभराऊ भएका हुन्थे । सेतो रङ्गले पोतिएको यो दरवार ज्यादै सुन्दर थियो भनि पृथ्वी मल्लको कनकपत्रमा वर्णन गरिएको छ (उपाध्याय, २०७४ : १३५) ।

खस राज्यको मुख्य आयश्रोत राजश्व नै थियो जुन भूमि र व्यापार बाट प्राप्त हुने गर्दथ्यो । त्यतिखेर खस राज्यको भूमिलाई सेरा, रैकर, विर्ता, गुठी र जागीर गरि ५ प्रकारमा बाँडिएको थियो । राज्यको आम्दानीको मुख्य स्रोत भूमिकर, कृषिजन्य उत्पादन र पशुपालनमा लग्ने कर नै थियो । त्यस बखतमा धेरै प्रकारका करहरू जनताहरूले तिर्दथे। कृषिजन्य वस्तु कपासमा रुवा, धागोमा सुती, उनी कपडामा पाखो, दूध, दही र घिउ, जस्ता दुग्ध पदार्थबाट बन्ने बस्तुमा र महमा लागेको करलाई 'चौथ' भनिन्थ्यो । पशुमा लाग्ने करलाई 'जु' भनिन्थ्यो । दरवारको वरिपरीको जग्गालाई 'सेरा' भनिन्थ्यो । राजालाई कर तिर्ने जग्गालाई 'रैकर' भनिन्थ्यो । धार्मिक र सार्वजनिक कामको लागि छुटयाइएको जग्गालाई 'गुठी' र ब्राम्हणहरूलाई जिविकाको लागि दिइएको जग्गालाई 'विर्ता' भनिन्थ्यो । कर्मचारीहरूलाई तलवको सट्टामा दिइएको जग्गालाई 'जागिर' भनिन्थ्यो ।

उद्योग र व्यापारको पनि खस राज्यमा उन्नति भएको थियो । खसराज्यको व्यापार तिब्बतदेखि भारतको कुना कुप्चासम्म पुगेको थियो । नाप तौलका निम्ती मापन प्रणाली लागू गरिएको थियो । तिब्बतबाट खसान क्षेत्रमा उन उनी कपडा, नुन, भेडा, सुन र चाँदि ल्याइन्थ्यो । भारतबाट खस राज्यले रेसमी कपडा, मसला र नुन ल्याउँदथ्यो । खस राज्यले यी दुवै राज्यहरूबाट आयात मात्रै नगरि केही सेवा र वस्तुहरू निर्यात समेत गर्दथ्यो । जस्तो तिब्बतमा खस राज्यले पशुपंक्षी, मृग र वाज तथा कस्तुरी निर्यात् गर्दथे भने भारतर्फ उन तथा उनी कपडा, जडिबुटी, उत्तम नस्लको घोडा, बाज र कस्तुरी मृग निकासी गर्दथे । यतिखेर खस राज्य उपत्यकाको मल्ल राज्य जस्तै चीन-तिब्बत र भारततर्फ व्यापार गर्ने मुख्य व्यापारिक मार्गमा पर्दथ्यो । व्यापारिक सम्बन्धले गर्दा अन्य सम्बन्धहरू पनि स्थापित हुन पुग्यो ।

खस राज्यमा कला र वास्तुकलाको पनि निकै उन्नति र प्रगति भयो । यहाँको स्थापत्यकलामा खस शैलीको नै प्रयोग

हुनपुग्यो । खस राजाहरूको छत्रछायाँमा नै मौलिक शैलीको निर्माण भयो जसलाई खस शैली भनिन्थ्यो । यो शैली खास गरी राप्ती देखि पश्चिम -उत्तर हुँदै कुमाऊ र गढवाल सम्म बाहुल्यताका साथ देखा पर्दछ (शर्मा, १९७२ : ४५) ।

खसमल्ल युगमा बनेका कतिपय गुम्वज र छाना युक्त मन्दिर तथा देवालयहरू प्राप्त हुन आएका हुन् । अछामको विनायक पंचदेवल, दैलेखको पच्चिस देवल, कोटलिंगेश्वर महादेव, सुर्खेतको लाटिकोछलीको मन्दिर तथा गरुड, विष्णु मूर्तिहरू, उमामहेश्वरको मूर्तीहरू, वराह, सूर्य, सिंह, गणेश, देवी आदिका मूर्तिहरू यीनै राजाहरूले दिएको देनहरू हुन् ।

खस मल्ल राज्य जस्तो सानो विकट भौगोलिक क्षेत्रको एउटा राज्यले उपत्यकाको राजधानी शहरलाई कैयन पटक लडाई गरी विजय गरेर एउटा करद राज्यको रूपमा छाडेर जानुले गर्दा पनि उनीहरूको गौरव बढ्न गएको लेखकको ठम्याई छ । राज्य नै जितेर आफ्नो राज्यमा मिलाउँछु र सिमाना विस्तार गर्छु भनेर नआएकै कारण उपत्यकाको विरासत जोगिएको थियो । सामान्य लडाइँ गर्ने अनी विभिन्न ठाउँहरूमा आगो लगाएर देव मन्दीरहरूमा पूजाआजा गरेर फर्किनु भनेको खसमल्ल राज्यको उद्देश्य विनाको वा लक्ष्य विनाको आक्रमण थियो की भनेर स्पष्ट भन्न सकिएको छ । उपत्यका माथि स्थायी अधिकार गरेर यहिँ जमेर बस्ने भन्दा पनि यसको छोटो समयको लागि मात्रै उपयोग गरेर आर्थिक लाभ मात्रै हाँसिल गर्ने उद्देश्य यिनीहरूले लिएको देखिन्छ । कर मात्रै उठाएर करहद राज्य तोकेर तुरुन्तै उनीहरू फर्किएबाट यो तथ्य प्रमाणित हुन आउँछ ।

यही खस राज्यको पतनपछि सुदूर पश्चिममा बझाङ डोटी, जाजरकोट जस्ता बाइसे राज्यहरू जन्मिएका हुन् । वर्तमान् समयमा सबैभन्दा अविकसित तथा पिछडिएको मानिएको यो क्षेत्र मध्यकालमा निकै शक्तिशाली राज्य बन्न पुग्यो । खस मल्ल राज्यको विघटन पछि खडा हुन पुगेका वाइसे र चौविसे राज्यहरूले समेत यही खस भाषालाई प्रयोग गरेकोले पृथ्वी नारायण शाहले बाइसे र चौविसे राज्यहरूलाई एकीकरण गर्ने क्रममा यी भाषाहरूको पनि प्रयोग गर्दै आयो र कालान्तरमा खस भाषा नै नेपाल र नेपालीहरूको राष्ट्र भाषा बन्न पुग्यो (नेपाल सरकार २०७६ : ६८) ।

## निष्कर्ष

केवल २२६ वर्ष जति मात्रै अस्तित्वमा रहेको यो खसमल्ल राज्यले आफ्नो अस्तित्वलाई तिब्बत देखि भारत र कुमाऊ देखि उपत्यका सम्म फैलाउन सकेको देखिन्छ । विकट परिवेश र भूगोलमा रहेर पनि मध्यकालीन नेपाल इतिहासमा उल्लेखनीय र अकल्पनीय उचाई बनाउन सफल खस वंश मल्ल राज्यको इतिहास ज्यादै गौरवमय छ । पूर्व मेची देखि पश्चिम महाकालीसम्म शष्ट्र भाषाको रूपमा बोलिने खस कुरा वा सिञ्जाली भाषालाई हाल बोलिचालीको भाषामा नेपाली भाषा भनिन्छ नै यो खसान राज्यले दिएको ठुलो र महत्वपूर्ण योगदान थियो । नेपाल उपत्यकाको राज्य र पेरिफेरीका अन्य राज्यहरूको विचमा रहेर शक्ति सन्तुलन बनाएर अगाडि बढ्न सक्नु र आफ्नो प्रभाव बढाएर उपत्यकालाई समेत करहद राज्य बनाउन सफल यो राज्यलाई इतिहासमा महत्वपूर्ण घटनाको रूपमा हेरिने गरिन्छ । प्रभावशाली राज्यको रूपमा रहेको यो खस क्षेत्रका राज्यहरू आपसी स्वार्थ राज्य भोगको लालसाले गर्दा वाइसे र चौविसे राज्यको रूपमा अगाडि आए जसलाई गोरखाका राजा पृथ्वी नारायण शाहले नेपालको एकीकरणको दौरानमा आफ्नो मातहतमा ल्याउन सफल भए । केही समय उत्कर्षमा रहेको राज्य छोटो समयमा नै नामेट भयो र नेपाल राज्यमा विलय भयो ।

**सन्दर्भ सामग्री**

अधिकारी, सूर्यमणि (२०५३), *पश्चिम नेपालको खस अधिराज्य,* काठमाडौँ ।

अधिकारी, सूर्यमणि (२०५६), नेपाली भाषाको इतिहास, काठमाडौँ ।

अधिकारी सूर्यमणि (२०६८), बाईसे राज्यको इतिहास, काठमाडौँ : भूँडी पुराण प्रकाशन ।

इन्द्रजी भगवानलाल (१८८१), यान इन्सक्रिप्शन अफ गया दि इन्डियनन्टिक्वायरीः भोलम १० ।

उपाध्याय, श्रीराम प्रसाद, (२०७४), नेपालको प्राचीन र मध्यकालीन इतिहास, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

नेपाल सरकार (२०७६), नेपाल परीचय, काठमाडौँ : सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग ।

योगी, नरहरीनाथ (२०१३), इतिहास प्रकाश अंक २, भाग १, मृगस्थलीन काठमाडौँ : इतिहास प्रकाश संघ ।

बज्राचार्य, धनबज्र (२०१९), त्रिरत्न सौन्दर्य गाथा, काठमाडौँ ।

बज्राचार्य, धनबज्र (२०१९) , इतिहास संशोधनको प्रमाण प्रमेय, काठमाडौँ : जगदम्बा प्रकाशन ।

बज्राचार्य, धनबज्र (२०२८), कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा कर्णाली प्रदेश एकविटो अध्ययन, काठमाडौँ ।

बज्राचार्य, धनबज्र र मल्ल कमलप्रकाश (१९८५), गोपालराज बंशावली, काठमाडौँ : नेपाल रिसर्च सेन्टर ।

शर्मा, प्रयागराज (१९७२), प्रलिमिनरी स्टडी अफ डि आर्ट एण्ड आर्किटेक्चर अफ कर्णाली वेसिन् : वेष्ट नेपाल, पेरिस ।

सुवेदी, राजाराम (२०३६), बझाङ जिल्लाका बाह्र अभिलेखहरू कन्ट्रिब्युसन टु नेपालिज् स्टडीज् भोलम ६, संख्या २ कीर्तिपुर : सिनास ।

सांकृत्यायन, राहुल (१९५३), हिमाल परिचय, हलाहावाद : ला जर्नल प्रेस ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (२०६०), नेपालको इतिहास, काठमाडौँ : एशिया पब्लिकेशन्स् ।